# रोङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
रोङ,इलाम
प्रदेश नं १, नेपाल


प.सः-०७९/८०
च.नः-

मितिः२०७९/०६/२३

### विद्यालयमा लेखापरीक्षक नियुक्तिको लागि निवेदन पेश गर्ने सम्वन्धी सूचना

श्री रजिष्टार्ड लेखापरीक्षक/फर्म

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको आ.व. २०७८/०७९ को लेखापरीक्षणको कार्य गर्नका लागि योग्यता पुगेका इच्छुक आधिकारिक दर्तावाला लेखापरीक्षक/फर्मले तपसिल बमोजिमको कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र रोङ गाउँपालिका शिक्षा शाखामा आवेदन गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

(क) आवश्यक कागजातहरु

१.निवेदन
२.नेपाल चार्टड एकाउन्टेन्टस् संस्थाबाट प्रदान गरिएको पेशागत पत्रको प्रतिलिपि
३.आ.व.२०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
४.आ.व.२०७९/०८० को लागि नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
५.स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि
६.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) लेखापरीक्षकले पालना गर्नुपर्ने शर्त तथा बन्देजहरु

१.लेखापरीक्षणका लागि लेखापरीक्षक विद्यालयमा अनिवार्य उपस्थित हुनुपर्ने ।
२.नियुक्ति पाएको ३५ दिनभित्रमा सबै विद्यालयको लेखापरीक्षण सम्पन्न गरी सो को एकप्रती प्रतिवेदन कार्य सम्पन्न भएको ७ (सात) दिनभित्र रोङ गाउँपालिका शिक्षा शाखामा लेखापरीक्षक स्वयम् ले बुझाउनुपर्नेछ । सो नबुझाउने लेखापरीक्षकलाई आगामी बर्षहरुमा सो कार्यमा समावेश नगराउने व्यहोरा समेत जानकारी गराइन्छ ।